# शनिश्चरे बहुमुखी क्याम्पस
# अर्जुनधारा-७
# झापा

# अनुसन्धान व्यवस्थापन एकाइ कार्यविधि निर्देशिका

## (२०७९)

*सञ्चालक समितिबाट स्वीकृत मिति*

| | |
|---|---|
| *पहिलो पटक* | *२०७७/०३/१४* |
| *दोस्रो पटक (पहिलो संशोधन)* | *२०७९/०२/२५* |
| *तेस्रो पटक (दोस्रो संशोधन)* | *२०८०/११/१८* |

# शनिश्चरे बहुमुखी क्याम्पस

# अनुसन्धान व्यवस्थापन एकाइ कार्यविधि

# निर्देशिका (२०७९)

सञ्चालक समितिबाट स्वीकृत मिति

पहिलो पटक २०७७/०३/१४

दोस्रो पटक (पहिलो संशोधन) २०७९/०२/२५

तेस्रो पटक (दोस्रो संशोधन) २०८०/११/१८

# अनुसन्धान व्यवस्थापन एकाइ कार्यविधि निर्देशिका २०७९

## विषयसूची


| क.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| परिच्छेद १ | परिभाषा | ०३ |
| परिच्छेद २ | उद्देश्यहरु<br>अनुसन्धान व्यवस्थापनका उद्देश्यहरु<br>अनुसन्धानका क्षेत्रहरु<br>अनुसन्धान तथा परियोजनाको व्यवस्था<br>अनुसन्धान व्यवस्थापन कार्यविधि निर्देशिकाका प्रकारहरु | ०४ |
| परिच्छेद ३ | अनुसन्धान व्यवस्थापन<br>अनुसन्धान व्यवस्थापन एकाइ स्थापना<br>अनुसन्धान व्यवस्थापनका आधार र शर्तहरू<br>अनुसन्धान व्यवस्थापन समितिको गठन प्रक्रिया<br>अनुसन्धान अनुगमन तथा मूल्याङ्कन समितिको गठन<br>अनुसन्धान व्यवस्थापन एकाइ समितिको बैठक र कार्यविधि<br>अनुसन्धान अनुगमन तथा मूल्याङ्कन स.को बैठक र कार्यविधि<br>अनुसन्धान व्यवस्थापन एकाइ समितिका काम, कर्तव्य र अधिकार<br>अनुसन्धान व्यवस्थापन मूल्याङ्कन स.काम, कर्तव्य र अधिकार | ०६ |
| परिच्छेद ४ | अनुसन्धान प्रक्रिया<br>अनुसनधान व्यवस्थापनका प्रक्रिया<br>अनुसन्धान प्रवोधिकरण<br>भाषाको माध्यम | ०९ |
| परिच्छेद ५ | अनुसन्धानमूलक लेख/जर्नल आर्टिकल र पुस्तक प्रकाशन<br>अनुसन्धानमूलक लेख तथा पुस्तक प्रकाशन<br>विशेषाङ्क जर्नल एकाइ/समितिले देहायबमोजिमका जर्नल प्रकाशन गर्नेछ<br>राष्ट्रिय स्तरका जर्नलमा लेख प्रकाशन | १० |
| परिच्छेद ६ | अनुसन्धान कोष<br>अनुसन्धान कोषको व्यवस्था<br>अनुसन्धान कोषको सञ्चालन व्यवस्था<br>संस्थागत सम्बन्ध र सहकार्यहरु | ११ |
| परिच्छेद ७ | विविध<br>क्याम्पसको आधिकारिकता<br>बचाउ :<br>संशोधन हुने<br>व्याख्या र बाधा अड्चन फुकाउने अधिकार<br>समितिको अधिकारमा रहने<br>आचार संहिता | १२ |
| अनुसूची -१ | Structure of Research Proposal (अनुसन्धान प्रस्तावनाको ढाँचा) | १३ |
| अनुसुची २ | अनुसन्धान प्रस्तावना वा प्रतिवेदनको मूल्याङ्कनका आधार | १६ |
| अनुसूची ३ | अनुसन्धान प्रतिवेदनको ढाँचा | १६ |

# प्रस्तावना

शनिश्चरे बहुमुखी क्याम्पस अर्जुनधारा झापाको अनुसन्धान तथा व्यवस्थापन एकाइ (Research Management Cell) को तर्फबाट गरिने कुनै पनि प्रकारका (भौतिक, शैक्षिक, आर्थिक प्राविधिक तथा व्यवस्थापन) अनुसन्धान सम्बन्धी कार्यहरुलाई सुव्यवस्थित गर्नका साथै कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन वाञ्छनीय भएको हुनाले शनिश्चरे बहुमुखी क्याम्पसको परिमार्जित विधान २०७५ को परिच्छेद १३ नियम ६० मा व्यवस्था भएको विनियम बनाउने अधिकार प्रयोग गरी अनुसन्धान व्यवस्थापन एकाइ कार्यविधि निर्देशिका-२०७९ मिति २०८० साल ११ महिना १८ गतेका दिन क्याम्पस सञ्चालक समितिको बैठकबाट स्वीकृत गरी जारी गरिएको छ ।

| | |
|---|---|
| ................................... | ................................... |
| अध्यक्ष | क्याम्पस प्रमुख |
| क्याम्पस सञ्चालक समिति | शनिश्चरे बहुमुखी क्याम्पस |

# अनुसन्धान व्यवस्थापन एकाइ कार्यविधि निर्देशिका -२०७९

## परिच्छेद १

### प्रारम्भिक :

शनिश्चरे बहुमुखी क्याम्पसको परिमार्जित विद्यान २०७५ मा व्यवस्था भएको विनियम बनाउने अधिकार प्रयोग गरी क्याम्पसमा सङ्कायगत विषयहरूको नियमित रुपमा हुने पठनपाठनका पूर्वाधार लगायत अन्य भौतिक, शैक्षिक, आर्थिक प्राविधिक तथा व्यवस्थापन जस्ता पक्षमा अध्ययन अनुसन्धान गरी सो को माध्यमबाट क्याम्पसको भौतिक, शैक्षिक, आर्थिक तथा व्यवस्थापन पक्षमा सुधार गरी उपलब्धि प्राप्त गर्नका लागि आवश्यक पर्ने प्रभाव अध्ययन गर्ने प्रयोजनका लागि अनुसन्धान व्यवस्थापन कार्यविधि निर्देशिका २०७६ मा परिमार्जन गर्न आवश्यक देखिएकाले र यो निर्देशिका मार्फत गर्ने कार्यको समेत व्याख्या गर्न वाञ्छनीय भएकाले "अनुसन्धान व्यवस्थापन (पहिलो परिमार्जित) कार्यविधि निर्देशिका-२०७९" को व्यवस्था गरिएको छ ।

१) **परिभाषा :**

१.१ **यो निर्देशिकाको नाम** "अनुसन्धान व्यवस्थापन एकाइ कार्यविधि निर्देशिका -२०७९ " रहने छ । यसलाई अंग्रेजीमा Research Management Cell Program **र छोटकरीमा** RMC Guidelene 2079 भनिने छ ।

१.२ प्रारम्भ: यो निर्देशिका क्याम्पस सञ्चालक समितिबाट स्वीकृति भएको मितिदेखि लागु हुने छ ।

१.३ क्षेत्राधिकार: यो निर्देशिका शनिश्चरे बहुमुखी क्याम्पस झापाका व्यवस्थापन पक्ष, शिक्षक तथा प्राध्यापक, कर्मचारी, विद्यार्थीका साथै क्याम्पस सरोकारसँग सम्बन्धित संघ/संस्था तथा व्यक्तिहरुका बिचमा सिमित रहनेछ ।

१.४ **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :**

क) "विधान" भन्नाले शनिश्चरे बहुमुखी क्याम्पस सञ्चालन नियमावली २०६४ को परिमार्जित विधान २०७५ सम्झनु पर्छ ।

ख) "आर्थिक नियमावली" भन्नाले शनिश्चरे बहुमुखी क्याम्पसको आर्थिक नियमावली -२०७५ सम्झनु पर्ने छ ।

ग) "सङ्काय" भन्नाले त्रिभुवन विश्वविद्यालय अर्न्तगत शनिश्चरे बहुमुखी क्याम्पसलाई सम्वन्धन प्राप्त शिक्षाशास्त्र र व्यवस्थापन सङ्काय भन्ने बुझिन्छ ।

घ) "सञ्चालक समिति" भन्नाले शनिश्चरे बहुमुखी क्याम्पसको परिमार्जित विद्यान २०७५ को परिच्छेद-३ को नियम-१४ अनुसार गठन भएको समिति भन्ने बुझिन्छ ।

ङ) "अनुसन्धान" भन्नाले पुराना तथ्यहरूको पुनरावलोकन गर्दै नयाँ नयाँ तथ्य पत्ता लगाउनका लागि गरिने खोजी कार्य भन्ने जनाउने छ ।

च) "व्यवस्थापन" भन्नाले कुनै पनि कार्यको व्यवस्था वा प्रबन्ध मिलाएर समस्याको समाधान गर्ने कार्य भन्ने जनाउने छ ।

छ) "बजेट" भन्नाले क्याम्पस संचालक समितिबाट पारित भएको वार्षिक बजेट भन्ने बुझिन्छ ।



अध्यक्ष
शनिश्चरे बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

ज) "प्रभाव अध्ययन" भन्नाले परियोजना सम्पन्न भएपछि यसले लक्षित समूहलाई तत्कालीन र दीर्घकालीन रुपमा पार्न सक्ने सकरात्मक वा नकरात्मक प्रभावको अध्ययन गर्नु भन्ने बुझिन्छ ।

झ) "शैक्षिक प्रगति अनुगमन" भन्नाले शैक्षिक सुधारसँग सम्बन्धित परियोजनाका लगानी, क्रियाकलाप उपलब्धि मापन गरी भैरहेको कार्य पद्धतिका कमीकमजोरी पत्ता लगाई सुधार गर्न प्रेरित गर्ने अनुगमन भन्ने बुझिन्छ ।

ञ) "प्राविधिक अनुगमन" भन्नाले कुनै पनि परियोजनाको कार्यान्वयनको सन्दर्भमा परियोजनाका प्राविधिक पक्षको अध्ययन गरी अपेक्षा अनुरुपको परिणाम निकाल्न सहयोग पुर्‍याउने भन्ने बुझिन्छ ।

ट) "पूर्वानुमान" भन्नाले कार्य क्षेत्रमा संचालन भइरहेका परियोजनाको रुपरेखालाई स्पष्टरुपमा अध्ययन ग परियोजनाको परिणाम सफलता वा असफलता कुन दिशा तर्फ गैरहेको छ भन्ने कुराको मापन भविष्यका लागि अनुमान गर्नु भन्ने बुझिन्छ ।

ठ) "अध्ययनको औचित्य" भन्नाले अनुसन्धानबाट प्राप्त निष्कर्ष र उपयोगिताका दृष्टिकोणले अनु अर्थपूर्ण र महत्वपूर्ण छ भनेर किटान गर्ने

ड) "प्रकिया अनुगमन" भन्नाले भै रहेको कार्य वा परियोजनाहरुको नियमित रुपमा तथ्याङ्क संकलन विश्लेषण गर्ने र कार्य योजनाको परिणाम के भै रहेको छ भन्ने कुरा पत्ता लगाउने र कार्य क्षेत्रमा रहेको छ ? कहाँ, कहिले र कसरी भै रहेको छ भन्ने कुरालाई आधार मानेर अनुगमन गर्ने भन्ने बुझिन्छ।

ढ) "कक्ष तथा एकाइ" भन्नाले अनुन्धान सम्बन्धी कार्यको व्यवस्थापन तथा सञ्चालन गर्न शनिश्चरे ब क्याम्पसमा सचिवालय वा एकाइको रुपमा रहेको क्याम्पस अनुसन्धान व्यवस्थापन एकाइलाई जनाउने

ण) "क्याम्पस" भन्नाले शनिश्चरे बहुमुखी क्याम्पस अर्जुनधारा ७ झापालाई जनाउने छ ।

त) "राष्ट्रियस्तरका जर्नल" भन्नाले विश्वविद्यालय तथा केन्द्रिय कार्यालयका साथै राष्ट्रिय स्तरमा रहेर सरकारका अनुसन्धानसंग सम्बन्धित निकायबाट प्रकाशन भएका अनुसन्धानलाई जनाउने छ।

थ) "वृहत अनुसन्धान" भन्नाले लामोसमय र बढी लगानीका साथै कुनै निश्चित मुद्दामा वा सवालमा भई तोकिएको ढाँचा र सिमाभित्र रहेर गरिएको अनुसन्धान भन्ने बुझिन्छ ।

द) "लघु अनुसन्धान" भन्नाले छोटो समय र न्यूनतम् लगानीमा कुनै पनि निश्चित मुद्दामा वा स केन्द्रित भई तोकिएको ढाँचा र सिमाभित्र रहेर गरिएको अनुसन्धान भन्ने बुझिन्छ ।

ध) "जर्नल अनुसन्धान" भन्नाले प्राथमिक र द्वितीय दुबै प्रकारका स्रोतका आधारमा तथ्याङ्क समावेश तयार गरिएको अनुसन्धानमूलक लेख वा पत्रपत्रिकालालई जनाउ छ ।

न) "आर्टिकल" भन्नाले अनुसन्धानमूलक जर्नलमा प्रकाशन गरिने लेखलाई जनाउने छ ।

प) "अन्तर विषयक जर्नल" भन्नाले सबै विषय र क्षेत्र समेटने गरी प्रकाशन गरिने जर्नललाई जनाउने

फ) "शिक्षक तथा विद्यार्थी अनुसन्धान सहयोग" भन्नाले क्याम्पसको नीति तथा कार्यक्रम अनुसार तोकिदिएको वि वा शीर्षकमा उत्कृष्ट ठहरिएका लेख तथा अनुसन्धानलाई दिइने आर्थिक सहयोग भन्ने बुझिन्छ।

## परिच्छेद २
## उद्धेश्यहरू

### २.१ अनुसन्धान व्यवस्थापनका उद्देश्यहरु :

अनुसन्धान व्यवस्थापन एकाइका उद्धेश्यहरु देहाय बमोजिमका हुनेछन् :

क) शिक्षण सिकाइका सन्दर्भमा आइ परेका समस्याहरूको निराकरण गर्नु,

ख) पुराना ज्ञानलाई परिमार्जन गर्दै नयाँ नयाँ ज्ञान प्राप्त गर्ने वातावरण तयार गर्नु,

ग) प्राध्यापक र विद्यार्थीहरूलाई खोजमूलक कार्यमा संलग्न गराउनु,



शनिश्चरे बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख

घ) अनुसन्धान सम्बन्धि नविनतम प्रविधिहरूको प्रयोग गरी पुनर्ताजकी तालिम संचालन गर्नु,
ङ) शिक्षणलाई खोजमूलक बनाई सम्बन्धित विषयका शिक्षक वा प्राध्यापकले सिकाइलाई अनुसन्धानात्मक विधिबाट संचालन गर्नु,
च) अनुसन्धान वा अनुसन्धानमूलक लेख तथा रचना प्रकाशन गर्नु,
छ) अनुसन्धान वा अनुसन्धानमूलक लेख तथा रचना प्रवोधिकरण गर्नु,
ज) क्याम्पसमा अनुसन्धान गर्ने संस्कृतिको विकास गर्नु,
झ) अनुसन्धानसंग सम्बन्धित गरिएका कार्यहरूको अभिलेखिकरण गर्नु,
ञ) लघु तथा वृहत प्रकृतिका अनुसन्धान कार्य गर्न शिक्षक तथा विद्यार्थीलाई प्रेरित गर्नु ।

**अनुसन्धानका क्षेत्रहरु**

(क) नयाँ नयाँ विषयवस्तुको खोजि गर्ने
(ख) पुराना ज्ञानलाई परिमार्जन गर्दै नयाँ नयाँ ज्ञान प्राप्त गर्ने
(ग) नयाँ नयाँ सिद्धान्तको प्रतिपादन गर्ने
(घ) स्थानीय समस्यालाई स्थानीय स्तर मै समाधान गर्ने
(ङ) कुनै पनि कार्यक्रमको उत्पादन वा प्रकियामा पूर्वानुमान वा भविष्यवाणी गर्ने
(च) प्रभाव अध्ययनका आधारमा व्यवहारिक तथ्यहरुलाई पुष्टी गर्ने

## अनुसन्धान तथा परियोजनाको व्यवस्था :

अनुसन्धान व्यवस्थापन एकाइ समितिको तर्फबाट शिक्षक, कर्मचारी र विद्यार्थीका लागि सञ्चालन गरिने अनुसन्धानका परियोजना देहाय बमोजिमका रहनेछन् :

क) लघु अनुसन्धान परियोजना
ख) वृहत अनुसन्धान परियोजना
ग) विद्यार्थी अनुसन्धान परियोजना
घ) परियोजना कार्य (वि.वि.एस)
ङ) शोधपत्र सम्बन्धी परियोजना (वि.एड)

## अनुसन्धान व्यवस्थापन कार्यविधि निर्देशिकाका प्रकारहरू :

क) प्रयोगमा आधारित अनुसन्धान (Based on applied Research)

- मौलिक अनुसन्धान (Basic Research)
- व्यावहारिक अनुसन्धान (Applied Research)
- क्रियात्मक अनुसन्धान (Action Research)

ख) उद्देश्यमा आधारित अनुसन्धान (Based on objectives Research)

- वर्णनात्मक अनुसन्धान (Descriptive Research)
- विश्लेषणात्मक अनुसन्धान (Analytical Research)
- व्याख्यात्मक अनुसन्धान (Explanatory Research)
- अनुभवजन्य अनुसन्धान (Empirical Research)

शनिश्चरे बहुमुखी क्याम्पस



क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

ग) सूचनामा आधारित अनुसन्धान (Based on information Research)

- परिमाणात्मक अनुसन्धान (Quantitative Research)
- गुणात्मक अनुसन्धान (Qualitative Research)

## परिच्छेद ३
## अनुसन्धान व्यवस्थापन

### ३.१ अनुसन्धान व्यवस्थापन एकाइ स्थापना :

अनुसन्धान व्यवस्थापन एकाइको मुख्य उद्देश्य भनेको सङ्कायगत अनुसन्धान, सहयोगी अनुसन्धान र अन्य अनुसन्धानलाई प्रवर्द्धन गर्नु हो । उक्त उद्देश्यलाई परिपूर्ति गर्नका लागि शनिश्चरे बहुमुखी क्याम्पसमा अनु व्यवस्थापन एकाइको स्थापना गरिएको छ। यो एकाइ स्थापना गर्नुको कारण देहाय बमोजिम रहेका छन् :

(क) उच्च शिक्षामा पहुचका साथै गुणस्तमा बृद्धि गर्ने

(ख) ग्रामीण समुदायमा उच्च शिक्षाको विकासमा सहयोग गर्ने

(ग) उच्च शिक्षामा बालिका शिक्षाको प्रवर्द्धन गर्ने

(घ) पाठ्यकम र शैक्षणिक विकासको दृष्टिकोणमा तथ्यगत र अध्ययन अनुसन्धानमा स्पष्ट रहने

(ङ) शिक्षक तालिम र शैक्षिक पक्षसंग सम्बन्धित अनुसन्धानात्मक कार्यकमको विकास गर्ने

(च) शिक्षक पुस्तक (Mannual) को विकास र कार्यान्वयन गर्ने

(छ) प्रभाव अध्ययन/शिक्षा, स्वास्थ्य, पिउने पानी, शौचालय आदिको व्यवस्थापनमा सहयोग गर्ने

(ज) शिक्षक,कर्मचारी र विद्यार्थीहरुको अनुसन्धान गर्ने सिप विकास गर्न तालिम, कार्यशाला,गोष्ठी (सेमि... आयोजना गर्ने

### ३.२ अनुसन्धान व्यवस्थापनका आधार र शर्तहरू :

यस निर्देशिकामा व्यवस्थापनका आधार तथा सर्तहरू देहाय बमोजिम हुनेछन् ।

क) सिकाइमा नयाँ नयाँ विषयवस्तुको खोजी गर्नु पर्ने ।

ख) पुराना खोज तथा ज्ञानलाई परिमार्जन गर्दै नयाँ नयाँ खोज तथा ज्ञान प्राप्त गर्नु पर्ने ।

ग) विद्यार्थीहरूलाई अनुसन्धानमूलक तथा खोजमूलक कार्य गर्न प्रोत्साहित गर्नु पर्ने ।

घ) तहगत रुपमा तयार भएका शोधपत्र तथा परियोजना कार्यको मूल्याङ्कन गरी विश्वविद्यालयमा पेश गर्नुपर्ने ।

ङ) स्थानीय क्षेत्रका समस्यालाई स्थानीय स्तरमा नै खोजी गरी समाधान गर्नु पर्ने ।

### ३.३ अनुसन्धान व्यवस्थापन समितिको गठन प्रकिया :

अनुसन्धान एकाइको व्यवस्थापन गर्नका लागि मुख्य गरेर दुई प्रकारका समिति निर्माण गरिने छ ,

(क) शोध तथा अनुसन्धान व्यवस्थापन एकाइ समिति

(ख) शोध अनुसन्धान अनुगमन तथा मूल्याङ्कन समिति

**(क) अनुसन्धान व्यवस्थापन एकाइ समितिको गठन प्रकिया देहाय बमोजिम हुनेछ :**

अनुसन्धान व्यवस्थापन एकाइलाई (RMC) व्यवस्थित रुपमा परिचालन गरी शोध तथा अनुसन्धानका क्षेत्र कार्य गर्न गराउन शोध तथा अनुसन्धान व्यवस्थापन एकाइ समितिको गठन देहाय बमोजिम ५ सदस्यीय रहनेछ



शनिश्चरे बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

अ) क्याम्पस प्रमुख वा निजले तोकेको प्राध्यापकहरु मध्येबाट — १ जना संयोजक
आ) नेपाली विषयमा अनुसन्धान विषय प्राध्यापन गर्ने मध्येबाट — १ जना सह-संयोजक
इ) जनसंख्या विषयमा अनुसन्धान विषय प्राध्यापन गर्ने मध्येबाट — १ जना सदस्य
ई) अंग्रेजी विषयको अनुसन्धान विषय प्राध्यापन गर्ने मध्येबाट — १ जना सदस्य
उ) व्यवस्थापन सङ्कायमा प्राध्यापन मध्येबाट — १ जना सदस्य

## ३.४ अनुसन्धान अनुगमन तथा मूल्याङ्कन समिति

ख) शोध अनुसन्धान अनुगमन तथा मूल्याङ्कन समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| क) सञ्चालक समितिको तर्फबाट तोकिदिएको सहजकर्ता/परामर्शदाता | १ जना संयोजक |
| ख) क्याम्पस प्रमुख वा निजले तोकिदिएको सम्बन्धित विषयको विज्ञ | १ जना सदस्य |
| ग) सहायक क्याम्पस प्रमुख | १ जना सदस्य |
| घ) अभ्यास शिक्षण प्रमुख | १ जना सदस्य |
| ङ) अनुसन्धान विषय प्राध्यापन गर्ने मध्येबाट | १ जना सदस्य सचिव |

## ३.५ शोध तथा अनुसन्धान व्यवस्थापन एकाइ समितिको बैठक र कार्यविधि :

क) यो समितिको बैठक कम्तिमा प्रत्येक २ महिनामा एक पटक बस्नु पर्ने छ। आवश्यकता परेमा कारण खुलाइ सो भन्दा बढी पनि बस्न सक्नेछ।

ख) बैठक संयोजकको परामर्शमा निश्चित स्थान, समय र मिति तोकी लिखित वा मौखिक रुपमा आमन्त्रण गर्न सकिनेछ।

ग) बैठक सम्बन्धि अन्य कार्यविधि अनुसन्धान व्यवस्थापन समिति आफैले निर्माण गरी बैठक संचालन गर्न सक्नेछ।

## ३.६ शोध, अनुसन्धान अनुगमन तथा मूल्याङ्कन समितिको बैठक र कार्यविधि :

क) यो समितिको बैठक कम्तिमा प्रत्येक ३ महिनामा एक पटक बस्नु पर्ने छ। आवश्यकता परेमा कारण खुलाइ सो भन्दा बढी पनि बस्न सक्नेछ।

ख) बैठक संयोजकको परामर्शमा निश्चित स्थान, समय र मिति तोकी लिखित वा मौखिक रुपमा आमन्त्रण गर्न सकिनेछ।

ग) शोध अनुसन्धान अनुगमन तथा मूल्याङ्कन समितिले विशेष गरी निर्माण भएका अनुसन्धानमूलक लेखहरुको अवस्था अध्ययन गरी पृष्ठपोषण सहित सुझाव प्रस्तुत गर्नुपर्ने छ।

## ३.७ शोध तथा अनुसन्धान व्यवस्थापन एकाइ समितिका काम, कर्तव्य र अधिकार :

शोध तथा व्यवस्थापन एकाइ समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन् :

क) अनुसन्धानमूलक संस्कृतिको विकास र बिस्तार गर्न समितिको तर्फबाट कार्यविधि सहितको कार्य योजना तयार गरी लागु गर्ने,

ख) अनुसन्धानका विषयवस्तु सङ्कायगत र विषयतग रुपमा हुने शिक्षणलाई आधार बनाई व्यक्तिगत र समूहगत रुपमा वृहत र लघु अनुसन्धान तथा विद्यार्थीद्वारा गरिने थेसिस वा परियोजना कार्यका प्रस्तावना पेश



शनिश्चरे बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

गर्न निर्देशन दिने,

ग) कुनै पनि शोध तथा अनुसन्धान कार्यमा संलग्न पक्षलाई समस्या छनोट गर्दा नयाँ र समसामयिक विषयका समस्या छनोट गर्न प्रेरित गर्ने,

घ) क्याम्पसमा अध्यापनरत प्राध्यापक र अध्ययनरत विद्यार्थीलाई वृहत तथा लघु अनुसन्धानका साथै आर्टिकल लेखन, जर्नल प्रकाशनका लागि आवश्यक पर्ने अनुसन्धानमूलक कार्यको लागि गोष्ठि, सेमिनार, कार्यशाला तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने,

ङ) प्राध्यापक, विद्यार्थीका साथै क्याम्पस सरोकार समूहका तर्फबाट पठनपाठनका अतिरिक्त शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने अनुसन्धानमूलक लेख तथा रचनालाई क्याम्पसबाट प्रकाशन गरिने सूचनामूलक सामग्री तथा जर्नल आदिमा समावेश गरी प्रकाशन गर्ने व्यवस्था गर्नु पर्ने,

च) अनुसन्धान कर्ताले अनुसन्धान गर्ने प्रयोजनका लागि प्रस्तावना पेश गर्दा अनुसूची १ को खण्ड १ देखि ३ सम्मको प्रस्तावनाको खाका उपयोगमा ल्याउन निर्देशन दिने,

छ) विश्वविद्यालय अनुदान आयोगबाट अनुसन्धानसंग सम्बन्धित प्राप्त नीति निर्देशनलाई पूर्ण पालना गर्नु पर्ने,

ज) क्याम्पसको बजेटले निर्दिष्ट गरे अनुरुप वृहत र लघु अनुसन्धानका साथै विद्यार्थी अनुसन्धानका परियोजना सञ्चालन गर्ने व्यवस्था मिलाउने,

झ) अनुसन्धानात्मक कार्यका लागि आवश्यकता अनुसार क्याम्पसका विभिन्न सङ्काय, विभाग तथा अन्य समितिका बिचमा समन्वय गरी अनुसन्धान गर्न प्रेरित गर्ने,

ञ) जर्नल आर्टिकल लेखनका लागि शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई प्रबोधिकरण, अभिमुखीकरण, गोष्ठी तथा सेमिनार, छलफल, अन्तरकिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने,

ट) विद्यार्थीलाई शोधपत्र तथा परियोजना कार्य लेखनका लागि आवश्यक पर्ने निर्देशिका तयार गरी विभाग मार्फत विद्यार्थीलाई अभिमुखीकरण गर्ने व्यवस्था मिलाउने,

ठ) अनुसन्धान विधि तथा अनुसन्धानबाट प्राप्त नतिजालाई कक्षाकोठामा शिक्षण सिकाइ कियाकलापसंग जोडनका लागि विभाग, शिक्षक र विद्यार्थीका बिचमा प्रबोधिकरण गर्ने,

ड) क्यामपसमा प्रयोग गर्न सकिने प्राज्ञिक विषयमा क्याम्पस प्रशासन, सञ्चालक समिति, आइक्यूएसी लाई सुझाव दिने,

ढ) विभिन्न संघसंस्था प्रतिष्ठान वा निकायहरुमा आश्यकता अनुसार अनुसन्धानका लागि विशेषज्ञ सेवा उपलब्ध गराउने,

ण) अनुसन्धान व्यवस्थापन समितिले गरेका सबै कामहरुको अभिलेखिकरण गरी सोको प्रतिवेदन क्याम्पस प्रमुख समक्ष पेश गर्ने ।

### ३.८ अनुसन्धान तथा व्यवस्थापन मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :

अनुगमन तथा मूल्याङ्कन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछन् :

क) अनुसन्धान तथा व्यवस्थापन एकाइ समितिबाट माग गरिएका प्रस्तावनाको मूल्याङ्कन गरी अनुसन्धान गर्न छनौट गर्ने,

ख) मूल्याकंन गरी स्तर निर्धारण गरिएका आधारमा अनुसन्धान तथा परियोजना सञ्चालन गर्ने अनुसन्धान कर्ताहरु वा अनुसन्धानमूलक आर्टिकल लेखहरुका लागि अनुसन्धान वा आर्टिकल बापतको सेवा सुबिधा निर्धारण गरी क्याम्पस प्रमुख समक्ष सिफारीस गर्ने,

ग) क्यामपसको समन्वयमा अनुसन्धान कार्यका लागि वित्तीय स्रोत जुटाउन विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयका अनुसन्धान शाखा, नेपाल सरकारका निकायहरु, स्थानीय सरकारका निकायहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय र स्थानीय स्तरका संघ/संस्थाहरुमा क्याम्पसका नामबाट प्रस्तावना पेश गर्न अनुसन्धान तथा व्यस्थापन एकाइ



शनिश्चरे बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

समितिलाई सहयोग गर्ने,

घ) अनुसन्धान व्यवस्थापन एकाइ समितिले गरेका कार्यहरुका साथै उपलब्धिको विश्लेषण सहित प्रतिवेदन तयार गर्ने,

ङ) क्यामपसको वित्तिय सहयोगमा शिक्षक, कर्मचारी र विद्यार्थीहरुले गरेका अनुसन्धान तथा अर्टिकलको मूल्याकंन गरी स्तर निर्धारण गरी प्रोत्साहनका लागि सिफारीस गर्ने,

च) अनुसन्धान तहको एमफील (MPhill) अध्ययन गर्नका लागि प्राध्यापक तथा कर्मचारीलाई उत्प्रेरित गर्ने,

छ) अनुसन्धान वा परियोजनाको प्रस्तावनाको मूल्याङ्कन अनुसूची २ मा उल्लेख गरिएको खाका अनुसार गर्ने

## परिच्छेद ४
## अनुसन्धान प्रकिया

### ४.१ अनुसनधान व्यवस्थापनका प्रकिया :

अनुसन्धानकर्ताका साथै व्यवस्थापन एकाइ र मूल्याङ्कन समितिले देहाय बमोजिमका प्रकिया पुरा गरेको हुनुपर्दछ :

क) अनुसन्धान प्रस्तावकले तोकिएको ढाँचाका आधारमा प्रस्तावना पेश गर्नुपर्नेछ,

ख) पेश गरिएको प्रस्तावनामा उल्लेख गरिएका उद्देश्य, समस्याको सान्दर्भिकता, औचित्य, अनुसन्धान विधि लगायत अनुसन्धानका योजनाका बारेमा अनुसन्धान व्यवस्थापन एकाइ समिति र मूल्याकंन समिति समक्ष प्रस्तुति गर्नु पर्नेछ,

ग) प्रस्तुतिको समयमा अनुसन्धान व्यवस्थापन एकाइ समिति र मूल्याकंन समितिको तर्फबाट दिइएका सुझावहरु प्रस्तावनामा समावेश गर्नुपर्ने छ,

घ) प्रस्तुतिकरणका लागि कार्यक्रमको आयोजना अनुसन्धान तथा व्यवस्थापन एकाइले गर्ने छ,

ङ) अनुसन्धानका लागि प्रस्तावना स्वीकृत भएपछि अनुसन्धान कर्ताले अनुसन्धान प्रस्तावनामा उल्लेख भए अनुसार कार्य अगाडि बढाउनु पर्ने छ,

च) स्वीकृत प्रस्तावनाका आधारमा अनुसन्धान कार्य सम्पन्न भएपछि प्रारम्भिक खण्ड, मुख्य खण्ड र अन्तिम खण्ड सहितको एक प्रति हार्ड कपि र इ-कपिको प्रतिवेदन सहित अनुसन्धान व्यवस्थापन एकाइ समिति समक्ष पेश गर्नुपर्ने,

छ) एकाइ समितिले मूल्याङ्कन समिति समक्ष स्तर निधारणका लागि उपलब्ध गराउनु पर्ने छ

ज) मूलयाङ्कन समितिले सम्बन्धित विषय विज्ञको सुझाव तथा पृष्ठपोषणका आधारमा अनुसन्धानकर्तालाई पुनः सुझाव तथा पृष्ठपोषण थप गर्नका लागि जानकारी गराउनु पर्ने छ,

झ) पृष्ठपोषण र सुझावका आधारमा अनुसन्धानकर्ताले अन्तिम प्रतिवेदन तयार गरी पुनः अनुसन्धान व्यवस्थापन एकाइ समिति समक्ष एक प्रति हार्ड कपि सहित इ-कपि पनि पेश गर्नु पर्नेछ

ञ) मूल्याङ्कन समितिले आफ्नो भनाइसहित स्तर निर्धारण गरेर व्यवस्थापन एकाइ मार्फत क्याम्पस प्रमुख समक्ष सिफारीस साथ प्रतिवेदन पेश गर्नु पर्ने छ।

### ४.२ अनुसन्धान प्रबोधिकरण :

क) अनुसन्धानको प्रतिवेदन स्वीकृत भइसकेपछि सम्बन्धित अनुसन्धानकर्ताले सञ्चालक समिति, व्यवस्थापन एकाइ र मूल्याङ्कन समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा अन्य सरोकार समक्ष प्रबोधिकरण गर्नुपर्ने छ,

ख) प्रबोधिकरणको व्यवस्था अनुसन्धान व्यवस्थापन एकाइ समितिले गर्नुपर्ने छ।



क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

शनिश्चरे बहुमुखी क्याम्पस

**४.३ भाषाको माध्यम :**

एकाइ समितिले शिक्षक, विद्यार्थी तथा अन्य पक्षबाट गरिने अनुसन्धानको भाषाको माध्यम देहाय बमोजिम तोक्न सक्ने छ :

क) भाषाको माध्यम अनुसन्धान कर्ताको पहुँचका आधारमा अंग्रेजी वा नेपालीमध्ये कुनै एक हुने छ।

## परिच्छेद ५

## अनुसन्धानमूलक लेख/जर्नल आर्टिकल र पुस्तक प्रकाशन

**५.१ अनुसन्धानमूलक लेख तथा पुस्तक प्रकाशन :**

क) एकाइ समितिले क्याम्पसमा कार्यरत शिक्षक, कर्मचारी, विद्यार्थी, पूर्व विद्यार्थी शिक्षक कर्मचारी क्याम्पस सञ्चालक समिति बाट गठित अन्य समितिका पदाधिकारी तथा सदस्यहरु एकल वा सहलेखनमा अनुसन्धानमूलक लेख तथा पुस्तक प्रकाशनमा सहयोग एवं प्रोत्साहन गर्ने छन्

ख) अनुसन्धानमूलक लेख तथा पुस्तक प्रकाशनको लागि अनुसन्धान तथा व्यवस्थापन एकाइ **(RMC-Saniprabha)** शनिशचरे बहुमुखी क्याम्पस अर्जुनधारा झापाले मुख्य भूमिका निभाउने छन्।

**५.२ विशेषाङ्क जर्नल एकाइ/समितिले देहायबमोजिमका जर्नल प्रकाशन गर्नेछ :**

(क) बहुविधासंग सम्बन्धित जर्नल वा अन्तर्विषयक जर्नल (Intedisciplinary Journal)

(ख) विशेषाङ्क जर्नल (Special Issue Journal)

(ग) एकाइ/समितिको समन्वय, सहयोग, परामर्श र अनुगमन तथा सुपरिवेक्षणमा क्याम्पसमा रहेका सङ्काय वा विभागले आ-आफ्नो छुट्टै जर्नल प्रकाशन गर्न सक्नेछन्। तर यसरी सङ्काय वा विभागले प्रकाशन गर्ने जर्नलको नाम एउटै हुने, विधाअनुसार विशेषाङ्क खुलाउनु पर्ने, जर्नलको प्रकृति खुलाउनु पर्ने र वर्ष तथा अङ्कमा क्रमबद्धता हुनु पर्नेछ।

(घ) बहुविधा साग सम्बन्धित जर्नल वा अन्तर्विषयक जर्नल (Intedisciplinary Journal) लेखमा भाषाको माध्यम नेपाली वा अङ्ग्रेजी मध्ये ऐच्छिक हुनेछ।

(ङ) नेपाली विभागले प्रकाशन गर्ने विशेषाङ्कमा भाषाको माध्यम नेपाली हुनेछ।

(च) उपनियम (घ) र (ङ) बाहेक अन्य विभागबाट प्रकाशन हुने विशेषाङ्कमा भाषाको माध्यम अङ्ग्रेजी हुनेछ।

**५.३ राष्ट्रिय स्तरका जर्नलमा लेख प्रकाशन**

(क) क्याम्पसका शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई राष्ट्रिय स्तर (Peer Reviewed) लेख प्रकाशन गर्न प्रोत्साहन तथा उत्प्रेरणा दिइनेछ।

(ख) राष्ट्रिय स्तरका जर्नलमा प्रकाशन गरिने लेख सम्बन्धित निकायको विधि, नियम, ढाँचा र सिमा भित्र रहेको हुनु पर्नेछ।

(ग) राष्ट्रिय स्तरका जर्नलमा लेख प्रकाशन गरी क्याम्पसबाट वित्तिय सहयोगको माग दावि गरेमा र आवश्यक परेमा सम्बन्धित विषयका विज्ञबाट लेखको प्राज्ञिक गुणस्तर र प्रकाशन गृहको आधिकारीक मान्यताको मूल्याङ्कन गर्ने गराइने र विज्ञबाट प्राप्त सुझावका आधारमा भुक्तानिको सिफारिस गरिनेछ।

(घ) उपनियम (क) अनुसारको राष्ट्रिय स्तरको जर्नलमा लेखकको संस्थागत सम्बन्ध यस क्याम्पससंग भएको बेहोरा स्पष्ट खुलेको हुनु पर्नेछ। तर लेखकको संस्थागत सम्बन्धन (Affiliation) यस शनिश्चरे बहुमुखी क्याम्पस संग नखुलेको अवस्थामा लेखकलाई राष्ट्रिय स्तरका जर्नलमा प्रकाशित लेखका नाममा कुनैपनि रकम भुक्तानी दिन क्याम्पस बाध्य हुनेछैन।

शनिश्चरे बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख

(ङ) जर्नल आर्टिकल कुनै सरकारी वा गैरसरकारी वा अन्तर्राष्ट्रिय सङ्घ/संस्था, निकाय, आयोग वा दाताको वित्तिय अनुदान सहयोगमा तयार गरी राष्ट्रिय स्तरका जर्नलमा प्रकाशन गरेको भए त्यस्तो लेखको लागि दोहोरो वित्तिय सुविधा हुनेगरी क्याम्पसले कुनै पनि रकम भुक्तानी गर्ने छैन ।

## परिच्छेद ६
## अनुसन्धान कोष

### ६.१ अनुसन्धान कोषको व्यवस्था :

क) अनुसन्धान कार्य गर्न गराउनका लागि अनुसन्धान कोषको व्यवस्था गरिने छ,

ख) उपनियम ६.१ (क) अनुसारको कोषमा देहाय बमोजिमको रकम रहने छ,

- क्याम्पस सञ्चालक समितिले अनुसन्धान कार्यका लागि विनियोजित गरेको रकम,
- स्थानीय सरकार, प्रदेश तथा संघीय सरकारबाट अनुसन्धान व्यवस्थापन तथा प्रयोजनका लागि प्राप्त भएको रकम,
- स्थानीय संघ/संस्था तथा गैरसरकारी संस्थाबाट अनुसन्धान कार्यका लागि उपलब्ध गराएको रकम,
- विश्वविद्यालय अनुदान आयोगबाट अनुसन्धान प्रयोजनका लागि उपलब्ध गराएको अनुदान रकम,
- पूर्व विद्यार्थी मञ्च, विभिन्न दातृ निकाय, चन्दादाताबाट प्राप्त हुने रकम ।

### ६.२ अनुसन्धान कोषको सञ्चालन व्यवस्था :

क) अनुसन्धान कोष शनिश्चरे बहुमुखी क्म्याम्पस अर्जुनधारा झापाको नाममा रहने छ

ख) यस कोषको सञ्चालन क्याम्पस प्रमुख अनिवार्य रुपमा रहने गरी अन्य सदस्य सञ्चालक समितिले तोके बमोजिम हुनेछ ,

ग) यस निर्देशिका अनुसार अनुसन्धान कार्यका लागि गरिने तालिम, गोष्ठी, सेमिनार तथा अभिमुखीकरण, अनुसन्धान सम्बन्धी लेख तथा जर्नल प्रकाशन, लेख प्रकाशनका लागि प्रोत्साहनका कार्यक्रम आदि जस्ता क्षेत्रमा यो कोषको रकम खर्च गरिने छ,

घ) अनुसन्धान कोषको व्यवस्था नहुञ्जेलसम्म अनुसन्धान सम्बन्धी सम्पूर्ण खर्च क्याम्पस कोषबाट गरिने छ ।

### ६.३ संस्थागत सम्बन्ध र सहकार्यहरु :

अनुसन्धान एकाइ/समितिले अनुसन्धानका क्षेत्रमा देहाय बमोजिमका संस्थासंग सहकार्य गर्ने छन् :

क) स्थानीय, प्रदेश र संघीय सरकार,

ख) नेपाल तथा विदेश स्थित विश्वविद्यालयहरु,

ग) विश्वविद्यालय अनुदान आयोग,

घ) विश्वविद्यालय अर्न्तगतका सङ्कायगतका डीन कार्यालय, पुस्तकालय र अनुसन्धान केन्द्रहरु,

ङ) क्याम्पस र विद्यालयहरु,

च) सरकारी निकाय, स्थानीय संघ/संस्थाहरु, वित्तीय तथा औद्योगिक क्षेत्रहरु, सामाजि, आर्थिक, धार्मिक प्रतिष्ठानहरु

अध्यक्ष
शनिश्चरे बहुमुखी क्याम्पस



क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

## परिच्छेद ७
## विविध

**७.१ क्याम्पसको आधिकारिकता :**
यस निर्देशिकामा भए गरेका सम्पूर्ण कार्यहरुको आधिकारिकता क्याम्पस हुने छ र एकाइ समितिका सम्पूर्ण अभिलेख तथा मौजुदा चल अचल सम्पति क्याम्पसमा निहित रहने छ ।

**७.२ बचाउ :**
यसभन्दा अघि अनुसन्धान व्यवस्थापन एकाइ मार्फत भएगरेका अनुसन्धान सम्बन्धी सबै कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

**७.३ संशोधन हुने :**
क्याम्पस सञ्चालक समितिले आवश्यकता महसुस गरेमा यो अनुसन्धान व्यवस्थापन कार्यविधि निर्देशिका २०७९ समयानुकुल परिमार्जन, थपघट गर्न वा संशोधन गर्न सक्ने छ ।

**७.४ व्याख्या र बाधा अड्चन फुकाउने अधिकार :**
(क) अनुसन्धान व्यवस्थापन समितिको कार्यविधि निर्देशिकाका सम्बन्धमा कुनै बाधा अड्चन फुकाउने पर्ने अवस्था आएमा क्याम्पस सञ्चालन नियमावली परिमार्जित दोस्रो विधान २०७५ अनुसार क्याम्पस सञ्चालक समितिमा रहने छ ।

**७.५ समितिको अधिकारमा रहने :**
अनुसन्धान व्यवस्थापन समितिको अधिकार अन्तर्गत बनेका नियममा प्राप्त अधिकार मध्ये तोकिएका अधिकार कार्य समितिमा रहने छ भने अन्य अधिकार क्याम्पसको परिमार्जित विधान २०७५ अनुसार गठन भएको क्याम्पस सञ्चालक समितिमा रहनेछ ।

**७.६ आचार संहिता :**
क) अनुसन्धान व्यवस्थापन एकाइ कार्यविधि निर्देशिकाभित्र रहेर प्राध्यापक तथा विद्यार्थीहरूलाई अनुसन्धानमूलक कार्य गर्न गराउन लगाउनु पर्ने ।
ख) खोजमूलम कार्यलाई अगाडि बढाउनका लागि व्यवस्थापन एकाइ मार्फत प्राध्यापक तथा सम्वन्धित अनुसन्धान कर्ताको मातहतमा रहेर अनुसन्धान कार्य गर्नु पर्ने ।
ग) शैक्षिक गुणस्तर सुधार गर्न भएका खोजमूलक कार्यको कमीकाजोरी पत्ता लगाई पृष्ठपोषणका आधारमा सुधार गर्न गरिउका कार्यको नियमित रुपमा अनुगमन गर्नु पर्ने ।
घ) विद्यार्थीहरूले सम्वन्धित प्राध्यापकको निर्देशनमा रहेर शिष्ट, इमान्दारी, अनुशासित र सहयोगी भई अनुसन्धानमूलक कार्य गर्नुपर्ने ।
ङ) अनुसन्धान कर्ताले अनुसन्धान गर्ने प्रयोजनका लागि अनुसन्धान ढाँचाको प्रस्तावना र प्रतिवेदनका लागि तोकिएको अनुसूची १ र २ अनुरुप उल्लेख गरिएका खण्ड १ देखि ५ सम्मको ढाँचामा तयार गर्नु पर्ने ।
च) क्याम्पसको परिमार्जित विधान र संचालक समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने।



शनिश्चरे बहुमुखी क्याम्पस
झापा

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

अनुसूची -१

# Structure of Research Proposal (अनुसन्धान प्रस्तावनाको ढाँचा)

## CHAPTER ONE: INTRODUCTION

1.1 Background of the study : (अध्ययनको संक्षिप्त पृष्ठभूमि) :
परियोजना वा अनुसन्धानको शीर्षक छनोट गरेपछि अनुसन्धान गर्न लागेका समस्याको बारेमा भएको ऐतिहासिक पृष्ठभूमिलाई स्पष्ट पार्दै वर्तमान अवस्थामा उक्त समस्याको उपस्थिति के कसरी भएको छ, सो कुरा स्पष्ट पार्नु पर्दछ। अध्ययन गर्न खोजिएको समस्याको विषयमा विश्व परिवेशमा भएका कुरालाई उठान गर्दै राष्ट्रिय स्तर हुँदै स्थानीय स्तरमा केन्द्रित गराउनु पर्दछ। यसबाट अन्तराष्ट्रिय स्तर, क्षेत्र, राष्ट्, जिल्ला हुँदै स्थानीय स्तरमा समस्याको उपस्थिति के कस्तो छ भन्ने कुरालाई विशिष्टीकरण गर्नुपर्दछ। यसप्रकार वृहत अवधारणाबाट सुरुवात गरी साघुरो बनाउँदै समस्यामा ल्याएर टुङ्गियाउनु पर्दछ।

1.2 Statement of the problem (समस्याको कथन) :
यस शीर्षकमा खोज गर्न लागिएको समस्यालाई स्पष्ट रुपमा उल्लेख गर्ने। समस्यालाई प्रश्न वा आवश्यकता अनुरुप निर्णयात्मक कथनका रुपमा उल्लेख गर्नु पर्दछ। अनुसन्धानको मुख्य उद्देश्यलाई स्पष्ट पार्ने कार्य समेत गर्नुपर्दछ। यसैगरी अनुसन्धान गर्न लागिएको समस्या के किन र कसरी देखा परेको हो र भोलीका दिनमा यो समस्याले प्रभाव पार्न सक्ने क्षेत्रहरुका बारेमा समेत सङ्केत गरिनुपर्दछ। समस्याको उठान गर्दै समस्या समाधानका लागि पत्ता लागेका रिक्तता (ग्याप) उल्लेख गर्दै अगाडि बढनु पर्दछ। किन यस शीर्षक वा समस्यका बारेमा अनुसन्धान गर्न रुची जाग्यो भन्ने कुरा पनि उल्लेख गर्ने।

1.3 Rational of the Study (अध्ययनको महत्त्व र औचित्य) :
यो शीर्षकको छनोट गर्ने कारण सहित यसमा विशेष गरी अनुसन्धानको नतिजाले शैक्षिक पक्षका अभ्यासमा के कस्तो प्रकारको प्रभाव पार्दछ भन्ने कुरा स्पष्ट रुपमा जानकारी गराउनु पर्दछ। यो अनुसन्धानको नतिजाले खोज गर्न लागिएको क्षेत्रमा सुधार गर्न के कसरी मद्दत पुरयाउ छ। अर्थात यसले क-कसलाई के कस्तो पक्षमा फाइदा पुराउछ भन्ने कुरा स्पष्ट पार्नु पर्दछ। उदाहरणका लागि सरोकारका पक्ष, सरकारी तथा गैरसरकारी क्षेत्र, नीति निर्माता, पाठ्यक्रमवीद, शिक्षक, विद्यार्थी, आभिभावक आदि।

1.4 Objective of the study (अध्यनका उद्देश्य) :
यसमा अनुसन्धान शीर्षकसंग सम्बन्धित विशिष्ट उद्देश्यहरु समावेश गरिन्छ। जुन स्मार्ट खालका हुन्छन्। जसले सम्पूर्ण अध्ययनलाई समेटदै समस्याको प्रतिनिधित्व गरेको हुनुपर्दछ। उद्देश्य स्पष्ट र दोहोरो अर्थ नलाग्ने हुनुपर्दछ।

1.5 Research questions (अध्ययन प्रश्न):
परिमाणात्मक प्रकृतिको अनुसन्धानको हकमा परिकल्पना राखिन्छ भने गुणात्मक प्रकृतिको अनुसन्धानमा प्रश्नहरु तयार गर्नु पर्दछ। प्रश्नहरु उद्देश्यका आधारमा दातालाई समेटने गरी राख्नु पर्दछ। प्रश्नहरु WH Questions जस्तैः के, कसरी, कस्तो, कहां, किन प्रयोग गरेर तयार गर्नु पर्दछ। यसले अनुसन्धान कर्तालाई रोडम्यापको रुपमा सहयोग गर्दछ।

1.6 Hypothesis of the study (अध्ययनको परिकल्पना) :



शनिश्चरे बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

1.7 Delimitations of the study (अध्ययनको सिमा तथा परिसिमा) :

हेर्दा समि र परिसिमा एउटै जस्तो देखिए तापनि यिनीहरुका बिचमा फरक छ । विशेष गरी साहित्यको पुनरावलोकन नगरिएको अवस्था, अध्ययनले समेटन नसकेको जनसंख्या आदि जस्ता कुरा प्रयोग गर्न नसकिएको वा अनुसन्धानकर्ताले गर्ननसकेका वा कमजोरी स्पष्ट रुपमा परिसिमा भित्र राखिन्छ । तर शीर्षकको सिमाभित्र भएको तर अनुसन्धानकर्ताको नियन्त्रण भन्दा बाहिर हुन पगेको अवस्थामा सिमाभित्र राखिन्छ । उदाहरणका लागि गण्डकी प्रदेश पोखरा महानगरपालिका भित्र सिमित हुने छ ।

1.8 Definations of the key terms (शब्दावलीको परिभाषा) :
अनुसन्धान प्रस्तावनामा उल्लेख गरिएका कतिपय शब्दलाई पाठकले बुझन नसक्ने, दोहोरो अर्थ लाग्ने अवस्थाका हुनछन् । त्यस्ता शब्दको पूर्ण अर्थ बताउनका लागि शब्दावलीको परिभाषा प्रयोग गरिन्छ ।

## CHAPTER TWO :
## REVIEW OF THE RELETED LITERATURE AND THEORITICAL FRAMEWORKS

2.1 Review of releted literature (National, Regional and International) (सम्बन्धित साहित्यको पुनरावलोकन) :
साहित्यको पुनरावलोकन विशेष गरी निम्न कार्यका लागि गरिन्छ, अनुसन्धानको औचित्यलाई स्पष्टपार्न, अनुसन्धान विधिको छनौट गर्न, तथ्याकं संकलन र विश्लेषण गर्न, हालसम्म अनुसन्धान हुननसकेका समस्याको पहिचान गर्न, दुई वा दुईभन्दा बढी अनुसन्धानको बिचमा देखिएका मतभिन्नता पत्तालगाउन आदि लागि प्रयोग गरिन्छ । साथै यसभन्दा अघि भइसकेका अनुसन्धान पुन गर्नका लागि रोक्ने कार्य पनि साहित्यको पुनरावलोकनले गर्दछ ।
साहित्यको पुनरावलोकन काधारमा अनुसन्धान गर्दा, अनुसन्धान गर्ने व्यक्ति वा संस्था, अनुसन्धान भउको मिति, अनुसन्धानको शसिर्षक, उद्देश्य, अनुसन्धानको जनसंख्या, नमुना छनोट गर्न प्रयोग गरिउको विधि लगायतका कुरा समावेश गरिन्छ ।

2 Theoritical Framework (अध्ययनको शैद्धान्तिक ढाचा) :
यसमा अनुसन्धान गर्न लागिएको समस्यालाई विभिन्न सिद्धान्तले के कसरी व्याख्या गर्दछन् भन्ने कुरासंग स्पष्ट हुनुपर्दछ । यसमा केही सिद्धान्त स्पष्टसंग किटान गरी सो संग सम्बन्धित आवश्यक तथ्याङ्क सङ्कलन गरिन्छ । अर्थात अनुसन्धान शीर्षकसंग मेल खाने सिद्धान्तलाई जोडिएको हुन्छ ।

2.3 Meaning of Terms (अध्ययनको अवधारणात्मक ढाचा) :
यसमा अध्ययनग र्न लागिएको समस्यमा आधारित भएर चरहरु बिचको सम्बन्धलाई चित्रात्मक, व्याख्यात्मक रुपमा उललेख गरिन्छ । यसमा अध्ययन गर्न लागिएको समस्यामा निहित चरहरु बिचको सम्बन्धलाई चित्रात्मक, व्याख्यात्मक, रुपमा उल्लेख गरिन्छ । अनुसन्धान कर्ताले के कस्ता निष्कर्ष आउने अनुमान गरिएको हुन्छ । जसमा अनुसन्धान शीर्षकलाई गहिरिएर शुक्ष्म रुपमा उल्लेख गर्ने खाका बनाउने तरिकाको प्रयोग गरिन्छ ।

## CHAPTER THREE : METHODS AND PROCEDURE

3.1 Research Design (qualitative , quantitative and mixed design) (अनुसन्धानको ढाचा) :
यसमा अनुसन्धानकर्ताले गुणात्मक, परिमाणात्मक वा मीश्रित कुन प्रकारको ढाँचा प्रयोग गरी अनुसन्धान गर्ने हो भन्ने कुरा उल्लेख गरिएको हुन्छ ।

3.2 Population and sample (जनसङ्ख्या र नमुना छनोट) :
यसमा अधययन गर्ने क्षेत्रको जनसङ्ख्यालाई स्पष्ट रुपमा परिभाषित गर्नुपर्दछ । पहिला जनसङ्ख्याको आकार के कति भन्ने कुरा स्पष्ट हुनुपर्दछ । त्यसपछि जनसङ्ख्याको छनोट गर्न कस्तो नमुना विधि प्रयोग गर्ने उल्लेख गर्नुपर्दछ ।



शनिश्चरे बहुमुखी क्याम्पस

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

उदाहरणका लागि संभावना सहित वा संभावना रहित कुन नमुना विधि छनौट गर्ने, यदि गुणात्मक ढांचामा अनुसन्धान गर्ने हो भने संभावना रहित विधि र परिमाणात्मक ढांचाबाट अनुसन्धान गर्ने हो भने संभावना सहित वा संभावना युक्त विधि प्रयोग गर्नुपर्दछ ।

3.3 Source of data (Primary and secondary) (तथ्याङ्क सङ्कलनका स्रोत) :
तथ्याङ्क वा सूचना सङ्कलन गर्ने मुख्य माध्यम २ प्रकारका हुनछन् । एउटा प्राथमिक हो भने अर्को द्वितीय स्रोत । प्राथमिक स्रोत भन्नाले अनुसन्धानकर्ता आफैंले सम्बन्धित क्षेत्रबाट प्राप्त गरेका सूचनाहरु भन्ने बुझिन्छ । द्वितीय स्रोत भन्नाले अनुसन्धान कर्ताले यसभन्दा अघि भए गरेकाका अनुसन्धानका स्रोत वा साहित्यको पुनरावलोकन गरेका विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचना , शोधपत्र, गुगल, रेडियो, सञ्चारग्राम, दस्तावेज आदिबाट प्राप्त गरेका सूचनाहरु जो अनुसन्धान कर्ताले उपयोग गरेका भन्ने बुझिन्छ ।

3.4 Instrumentation (तथ्याङ्कका साधन वा उपकरणाहरु) :
अनुसन्धान कर्ताले आफ्नो अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न कुनकुन साधनको प्रयोग गर्ने भन्ने कुरा स्पष्ट पार्नुपर्दछ । उदाहरणका लागि यदि गुणात्मक अनुसन्धान गर्नु पर्‍यो भने अन्तर्वार्ता, प्रश्नावली, अवलोकन, दस्तावेज अध्ययन, लक्षित समूह छलफल, घटना अध्ययन आदि जस्ता साधन प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिन्छ । तर परिमाणात्मक अनुसन्धानका लागि भने अङ्क गणीतीय साधनको उपयोग गरिन्छ । यसर्थ तथ्याङ्क सङ्कलन प्रक्रियाका लागि अध्ययन क्षेत्रमा रहेका सूचना के कसरी कुन कुन साधन प्रयोग गर्ने भन्ने कुरामा ध्यान पुर्‍याउनु पर्दछ ।

3.5 Data collection procedure (तथ्याङ्क सङ्कलनका प्रक्रिया) :
अनुसन्धान कर्ताले आफ्नो अध्ययनबाट अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क के कसरी सङ्कलन गर्ने भन्ने कुराको स्पष्ट जानकारी राख्नु पर्दछ । यसैगरी अध्यनका लागि नमुनाका रुपमा छनोट भएका जनसङ्ख्याको सम्पर्कमा कसरी पुग्ने, सर्वे, अवलोकन अन्तर्वार्ता आदि जस्ता कार्य कसरी सञ्चालन गर्ने भन्ने कुराको अनुसनधान कर्तालाइ जानकारी हुनुपर्दछ ।

3.6 Data analysis procedure (तथ्याङ्क विश्लेषण प्रकिया) :
उद्देश्य अनुरुप अनुसन्धानको कममा प्राप्त भएका तथ्याङ्कहरुलाई विभिन्न रुपमा व्यख्या विश्लेषण गर्नका साथै तालिका, ग्राफचार्ट, बृत्तचित्रका साथै चित्रात्मक सामग्रीको समेत प्रयोग गरेर परिच्छेद ४ को परिणाम र छलफलमा समावेश गरिन्छ । विश्लेषण गर्दा प्रत्येक उद्देश्यलाई समेटेको हुनुपर्दछ ।

## RFERENCES- (सन्दर्भसामग्री वा सूचीहरु) :

कुनकुन स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ ती कृतिहरुको विवरण दिएर सन्दर्भ सूची तयार गरिन्छ । अनुसन्धानमा प्रयोग गरिएका सम्पूर्ण अभिलेखलाई सन्दर्भसामग्रीका रुपमा वर्णानुकम अनुसार APA (American Psychology Association) format मा थर, नाम, स्रोत वा कृति, प्रकाशन, पृष्ठ लेखेर सूचीवद्ध गर्नुपर्दछ । यसको अर्थ प्रस्तावनामा उद्‌त गरिएका कुरा वा विषयवस्तुलाई आधिकारिकता प्रदान गरिन्छ ।

जस्तै: जोशी, डा. महेन्द्रराज (२०७८) जनसंख्या शिक्षामा परियोजना कार्य र संगोष्ठी बागबजार काठमाडौं भुडीपुराण प्रकाशन

गैलाल, नरेन्द्रकुमार (२०६५) ऋतु निमन्त्रण काव्यको विवेचना मिर्मिरे मासिक पत्रिका पूणाङ्क १८३ नेपाल राष्ट्र बैंक पृष्ठ १३८

**APPENDICES** (list of respondents, tools, raw data,large table etc.)



क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

शनिश्चरे बहुमुखी क्याम्पस

## अनुसुची २

### अनुसन्धान प्रस्तावना वा प्रतिवेदन मूल्याङ्कनका आधार

माथि उल्लेखित निर्देशिकाको परिच्छेद ३ अनर्तगत नियम ३.८ (छ) अनुसार मूल्याङ्कन समितिको तर्फबाट विषय विज्ञको राय तथा सुझाव सहित अनुसन्धानको प्रस्तावना तथा प्रतिवेदनको मूल्याङ्कन गर्दा निम्नकुरालाई आधार मान्नु पर्दछ :

**आधारहरु :**

**अनुसन्धानको प्रस्तावना नेपाली भाषामा भएमा क+**, ख+, ग+, घ+ तथा अंग्रजी भाषामा भएमा A+, B+, C+, D+ स्तरमा ग्रेडिंग सहित मूल्याङ्कन गर्नुपर्दछ :

| | |
|---|---|
| (क) प्रज्ञिक लेखन तथा भाषा शैलीमा -५, | (ङ) तथ्याङ्क तथा सूचनाको प्रस्तुतीकरणको स्तर -८, |
| (ख) अनुसन्धानको शीर्षक, परिचय र सन्दर्भमा -५, | (च) छलफल तथा नतिजाको स्तर -१०, |
| (ग) पूर्वकार्यको समीक्षा र अन्तरको पहिचान -५, | (छ) उपादेयता -५, |
| (घ) अनुसन्धान विधि र प्रकिया -७, | (ज) ढाचाको अवलम्बन, सन्दर्भसूची र परिशिष्टको व्यवस्थापन -५, |

विषय विज्ञले अनुसन्धानको प्रस्तावना वा प्रतिवेदन स्तरीकरण गर्दा ९०-१०० प्रतिशत भएमा **क+**, ८०-८९ प्रतिशत भएमा **ख+**, ७०-७९ प्रतिशत भएमा ग+, र ५०-६९ प्रतिशत भएमा **घ+**, कायम गर्नुपर्दछ। ५० प्रतिशत भन्दा कम आएमा अवर्गिकृत गर्नुपर्दछ।

स्तरीकरण गर्दा **क+** आएमा सर्वोत्तम (Outstanding), ख+ आएमा उत्कृष्ट (Very Good), **ग+** आएमा उत्तम (Good) र **घ+** आएमा सन्तोषजनक (Satisfactory) रुपमा व्याख्या गर्नुपर्दछ।

CHAPTER ONE : INTRODUCTION

## 1. Format of Research Report (अनुसन्धान प्रतिवेदनको ढाँचा)

### Preliminary Part (प्रारम्भिक खण्ड)

Cover page
Declaration (घोषणा)
Copy Right (प्रतिलिपि अधिकार)
Dedication (समर्पण)
Acknowledgement (स्वीकृति)
Certification (By Campus Chief)
External Evaluation Letter
Abstract (सार)
Table of Content
List of Tables , List of Figures
Abbreviations

अध्यक्ष
शनिश्चरे बहुमुखी क्याम्पस

०१६

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस

Main Body (मुख्य खण्ड)

## CHAPTER ONE : INTRODUCTION

1.1 Background of the study
1.2 Statement of the problem
1.3 Rational of the Study
1.4 Objective of the study
1.5 Research questions
1.6 Hypothesis of the study
1.7 Delimitations of the study
1.8 Definations of the key terms

## CHAPTER TWO : REVIEW OF THE RELETED LITERATURE AND THEORITICAL FRAMEWORKS

2.1 Review of releted literature (National, Regional and International)
2.2 Theoritical Framework
2.3 Conceptual Frame work
2.4 Implications of the review for the research
2.5 Research Gap

## CHAPTER THREE : METHODS AND PROCEDURE

3.1 Research Design (qualitative , quantitative and mixed design)
3.2 Population and sample
3.3 Source of data (Primary and secondary)
3.4 Instrumentation
3.5 Data collection procedure
3.6 Data analysis procedure

## CHAPTER FOUR : DISCUSSION OF RESULTS

4.1 Objective wise data information Presentation
4.2 Objective wise discussion linking theories and literatures

## CHAPTER FIVE : CONCLUSIONS AND IMPLICATIONS / RECOMMENDATIONS

5.1 Conclsions
5.2 Implications/ Recommendations
(Policy level, Practice level and research level)

## Supplimentary Section (पूरक खण्ड)

1. **REFERENCES**(APA- American Psychology Assoication format)
2. **APPENDICES** (list of respondents, tools,raw data,large table etc.)

अध्यक्ष
शनिश्चरे बहुमुखी क्याम्पस
झापा

०१७

क्याम्पस प्रमुख
शनिश्चरे बहुमुखी क्याम्पस